नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

**कृषि विभाग**

# पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय

## आ.व. २०६८/०६९ को प्रथम चौमासिक अवधिमा सम्पन्न कार्यक्रमहरूको मूल्याङ्कनका आधारमा निकायको संक्षिप्त प्रतिक्रिया ।

प्रथम चौमासिक अवधिमा लक्षित सबै कार्यक्रमहरु संचालन भई मोटरसाइकल खरिद बाहेक ९१.४२% प्रगति हासिल भएको छ । पूँजीगत खर्च शिर्षक तर्फ : फ्क्यास मेसिन थान-१ खरिद कार्य सम्पन्न गरिएको । त्यस्तै चालु खर्च शिर्षक तर्फ अध्ययन कार्यक्रमहरु जस्तै : अनाज/बीउ भण्डारण organic storage (Hermetic storage) प्रविधि अध्ययन (मकै र गहूँ), स्थानिय पोष्ट हार्भेष्ट उपकरण तथा प्रविधि अभिलेखिकरण, एकिकृत अन्न बीउ भण्डारण कृषक पाठशाला (मकै र गहूँ),कार्यक्रम अनुगमन तथा पोष्ट हार्भेष्ट औजार/उपकरण स्रोतकेन्द्रहरुको निरिक्षण कार्य शुरु गरिएको छ । त्यस्तै विश्व खाद्य दिवसको लागि उत्कृष्ट अन्न भण्डारण कृषक छनौट कार्य सम्पन्न गरी पुरस्कृत समेत गरिएको छ, साथै ०६७।६८ को बार्षिक प्रगति तथा प्रविधिहरु समेटी website अध्यावधिक गर्ने कार्य शुरु गरिएको छ । त्यसैगरी आ.व.२०६७/०६८ को वार्षिक प्रगती पुस्तिका प्रकाशित गरिएको छ । अन्य लक्ष्य नतोकिएको कार्यक्रमहरु विभागिय निर्णय अनुसार विभिन्न समयमा संचालन गरिएका गोष्ठी, तालिमहरुमा भाग लिने कार्य सम्पन्न भएको छ ।